Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice

**नेपाल महाभूकम्प २०७२ अपडेट : सातौं दिन**
**मिति : ०७२ वैशाख १८**
**अन्तिम अपडेट : २२:०० बजे**

**मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)**
मृतक : ६,२६६
घाइते : १३,८६१

## भूकम्पपीडित अझै राहतको पर्खाइमा

०७२ वैशाख १२ गते मध्यान्न गएको महाभूकम्पबाट आफन्त गुमाएका, घर भत्केर विस्थापित भएकाहरूले अझै राहत नपाएको विभिन्न जिल्लाबाट इन्सेक प्रतिनिधिहरूले जनाएका छन् । केही जिल्लामा भूकम्पपीडितलाई राहत वितरणमा राजनीतिक विभेद गरेको पीडितहरूले गुनासो गरेका छन् । राहत सामाग्रीहरू आफ्ना पक्षका कार्यकर्ताहरूलाई बढी उपलब्ध गराउने कार्यमा समेत राजनीतिक दलका नेताहरू लागेको प्रभावितहरूको गुनासो छ । राजनीतिक दलहरूको विवादकै कारण कतिपय स्थानमा राहत सामाग्री वितरणमासमेत ढिलाइ भएको छ । भूकम्पबाट विस्थापितहरूका लागि पाल वितरण गरिएका स्थानहरूमा पनि अत्यन्त कम मात्रामा मात्र पीडितहरूले प्राप्त गरेका छन् । राहत वितरण गरिएका जिल्लाहरूमा पनि दुर्गम भेगका पीडितहरूसम्म राहत पुग्न सकेको छैन । ललितपुरको दक्षिणी भेगका गाविसहरूमा बस्नका लागि समस्यासँगै खाद्यान्न अभावसमेत भएको पीडितहरूले बताएका छन् । इन्सेकले काठमाडौंको साँखु क्षेत्रमा गरेको अनुगमनमा स्वदेशी, विदेशी गैरसरकारी सङ्घसंस्थाहरूले उपलब्ध गराएको केही पालले भूकम्पपीडित १० प्रतिशत घर परिवारलाई पनि पुगेको छैन । धादिङ जिल्लोको चिप्लिङ, रि, लापा, सत्यदेवी गाविसमा उद्धार टोली हालसम्म पुग्न सकेको छैन । काभ्रेको रोशिपारीका ८ गाविस, डाँडापारीका १० गाविस, तिमालका ८ गाविस र नगरपालिकाहरूसँग छोएका केही गाविसमा अझै राहत सामग्री पुगेको छैन ।

**उल्लेख्य:**

- भूकम्पका कारण ललितपुरस्थित राष्ट्रिय मानवअधिकार आयोगको केन्द्रीय कार्यालय भवन चर्केपछि आयोगले अस्थायी कार्यालय खडा गरी काम सुचारु गरेको छ ।
- जिल्ला दैवी प्रकोप उद्धार समिति ओखलढुंगाले सङ्कलन गरेको तथ्याङ्कअनुसार भूकम्पले जिल्लाका १७ हजार ८ सय ८४ परिवार घरबारविहीन भएका छन् ।
- दाङका विभिन्न क्षेत्रमा कार्यरत मजदुर तथा पेशाकर्मीहरूले भूकम्पपीडितका लागि राहत सङ्कलन गरेर १२६ औं अन्तराष्ट्रिय श्रमिक दिवस मनाए ।
- महिला तथा बालबालिका कार्यालय, इन्सेक क्षेत्रीय कार्यालय र सिविन पोखराको एक टोलीले भकम्पमा घाइते भइ पोखराका विभिन्न अस्पतालमा उपचार गराइरहेका पीडितहरूको अवस्थाका बारेमा अनुगमन गरेको छ ।
- भूकम्पका कारण पूर्णरूपमा प्रभावित रहेको सङ्खरापुर (साखुँ) नगरपालिका क्षेत्रमा वैशाख १८ गते इन्सेकले अनुगमन गरेको छ । नगरपालिकाका १० प्रतिशत पक्की

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

घरबाहेक ९० प्रतिशत पुराना तथा माटाका घरहरू पूर्णरूपमा क्षतिग्रस्त भएको अनुगमनको क्रममा पाइएको छ ।

- दोलखा जिल्लामा ३ सय ९० जनालाई हेलिकप्टरमार्फत उद्धार गरिएको छ ।
- भक्तपुरका कतिपय स्थानका भूकम्पले भत्केका घरहरूबाट लासहरू अझै निकाल्न नसकिँदा भक्तपुरका गल्लीहरू गन्हाउन थालेका छन्, यसबाट माहामारी फैलने डर सर्वासाधारणमा बढ्दै गइरहेको छ ।
- रसुवाको अधिकाँश ठाउँका सडक तथा बाटोहरूमा पहिरो गएका कारण उद्धार तथा राहत वितरण कार्य हुन सकेको छैन ।
- भूकम्पको धक्काबाट विक्षिप्त हुँदै भागेर घरबाहिर पाल टाँगेर बसेकाहरूलाई घरभित्र पसाउन निकै कठिन देखिएकाले मनोसामाजिक परामर्शको आवश्यकता देखिएको इन्सेक काभ्रे प्रतिनिधिले जनाएका छन् ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline